annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १९५, पृष्ठ ८ | काठमाडौं, शनिबार ६ मंसिर २०८२ | मार्ग शुक्लपक्ष द्वितीया, नेपाल संवत् ११४६ | SATURDAY, NOVEMBER 22, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

## दल खोल्ने लहर

# कस्ता दल, को हुन् नेता ?



जेन-जी आन्दोलनपछि नयाँ दल दर्ताको बाढी नै छ । ३८ दलले दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका थिए । तीमध्ये १० दर्ता भइसके, २८ प्रक्रियामा छन् । नयाँ/पुराना सबै दलको परीक्षण भने फागुन २१ गते घोषित प्रतिनिधिसभा निर्वाचनले गर्नेछ ।

**राजकरण महतो** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

### निर्वाचन आयोगमा दर्ता भएका दल र तिनका नेता

| क्र.सं. | प्रस्तावित दलको नाम | दलको प्रमुख नेता |
|---|---|---|
| १ | श्रम संस्कृति पार्टी | अध्यक्ष –हर्कराज राई<br>उपाध्यक्ष– देवराज लामा<br>महासचिव–आर्यन राई |
| २ | गतिशील लोकतान्त्रिक पार्टी | अध्यक्ष–दिनेशराज प्रसाईं<br>महासचिव– पीयूषप्रसाद कायस्थ<br>सदस्य– विजयबहादुर बस्नेत |
| ३ | नागरिक उन्मुक्ति पार्टी नेपाल | अध्यक्ष–कविर सोप<br>वरिष्ठ उपाध्यक्ष –अब्दुल खान<br>महासचिव–उमाशंकर चौधरी (समर्थन-रेशम चौधरी) |
| ४ | उज्यालो नेपाल पार्टी | अध्यक्ष– अनुपकुमार उपाध्याय<br>सदस्य–डा. ताराप्रसाद जोशी<br>सदस्य– प्रा. डा. महेन्द्रसुन्दर लावती (समर्थन कुलमान घिसिङ) |
| ५ | राष्ट्रिय परिवर्तन पार्टी | अध्यक्ष– राजेश पोर्तेल<br>उपाध्यक्ष–अजयकुमार राई<br>महासचिव– अञ्जु राई |
| ६ | राष्ट्रिय जनमत पार्टी | अध्यक्ष –रियाजअहमद शेष |
| ७ | कम्युनिस्ट पार्टी नेपाल | महासचिव –नेत्रविक्रम चन्द (विप्लव)<br>प्रवक्ता–खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड)<br>स्थायी कमिटी सदस्य– छविलाल सापकोटा |
| ८ | राष्ट्र निर्माण दल नेपाल | अध्यक्ष–अकबर खान<br>उपाध्यक्ष–खगेन्द्रप्रसाद ढकाल<br>महासचिव –गुरुदेव राम |
| ९ | राष्ट्रिय ऊर्जाशील पार्टी नेपाल | अध्यक्ष–योगेन्द्र मण्डल<br>सदस्य–मीनादेवी शाही<br>सदस्य–शम्भू राजवंशी |
| १० | पिपुल फर्स्ट पार्टी | संयोजक– प्रशान्त सिंह<br>सदस्य –सनोज महत<br>सदस्य –विनोद महर्जन |

### नयाँ दल जन्मिनुका कारण

१. विद्यमान दलप्रति असन्तुष्टि
२. वैचारिक तथा नीतिगत भिन्नता
३. स्थानीय वा क्षेत्रीय मुद्दा अघि सार्ने आवश्यकता
४. नयाँ नेतृत्व वा वैकल्पिक शक्ति निर्माण गर्ने चाहना
५. चुनावी अवसर
६. पार्टी विभाजन
७. लोकतान्त्रिक अधिकार

## भित्री पृष्ठ



वैदिक युगदेखि कलियुगसम्मको दौड - पृष्ठ ३



समृद्धिका गुमनाम नायकहरू - पृष्ठ ४



सिर्जनामा रैथाने सीप कला - पृष्ठ ५



पर्यटक लोभ्याउँदै चिउरीको झोलुंगे पुल - पृष्ठ ७

# मिस युनिभर्स मेक्सिकोकी फातिमा

**बैंकक** (एजेन्सी) : मेक्सिकोकी फातिमा बोशले सन् २०२५ को मिस युनिभर्सको शीर्ष उपाधि जितेकी छन्। विवादले भरिएको यस वर्षको प्रतियोगितामा शीर्ष उपाधि जित्दै बोश ७४औं मिस युनिभर्स बन्न सफल भएकी हुन्।

बोशलाई नोभेम्बरको सुरुमा एक थाई अधिकारीले दर्जनौं प्रतियोगीहरूको अगाडि सार्वजनिक रूपमा गाली गरेपछि उनी कार्यक्रमबाट बाहिर निस्किएकी थिइन्। ती अधिकारीले उनलाई समर्थन गर्ने प्रतियोगीहरूलाई अयोग्य घोषित गर्ने धम्कीसमेत दिएका थिए। यसले गर्दा पनि प्रशंसकहरूमाझ उनको लोकप्रियता अझै बढ्दै गयो र उनले ताज जित्न सफल भइन्।

२५ वर्षीया मानवतावादी र स्वयम्सेवी बोशलाई गत वर्षको मिस युनिभर्स विजेता डेनमार्ककी भिक्टोरिया क्जेर थेइलभिगले ताज पहिर्‍याइदिइन्। मिस युनिभर्सलाई सौन्दर्य प्रतियोगिताहरूमा सबैभन्दा उत्कृष्ट प्रतियोगिता मानिन्छ र प्रत्येक वर्ष लाखौं दर्शकले यसलाई हेर्ने गर्छन्।

प्रतियोगितामा थाइल्यान्डकी प्रवीनर सिंहले दोस्रो स्थान हासिल गरिन् भने भेनेजुएलाकी स्टेफनी अबसाली तेस्रो भइन्। त्यसैगरी फिलिपिन्सकी अहतिसा मनालो र आइभरी कोस्टकी ओलिभिया



यासे पनि शीर्ष पाँच स्थानमा पुग्न सफल भए।

कार्यक्रममा १ सय २० देशका प्रतिनिधिहरू सहभागी थिए। नदिन अयुब प्रतियोगितामा प्यालेस्टिनी जनताको प्रतिनिधित्व गर्ने पहिलो महिला बनिन्। अन्तिम ३० सेमिफाइनलसम्म पुगेर उनी बाहिरिइन्। शुक्रबार सम्पन्न फाइनलको सञ्चालन अमेरिकी हास्य कलाकार स्टिव बायर्नले गरेका थिए। कार्यक्रम थाई गायक जेफ सतुरको प्रस्तुतिबाट सुरु गरिएको थियो।

प्रतियोगितामा स्विमवेयर राउन्डपछि शीर्ष ३० प्रतिस्पर्धीहरूलाई १२ मा सीमित गरियो। त्यसपछि साँझको राउन्डपछि प्रतिस्पर्धीलाई ५ मा झारियो।

प्रतियोगिताका अन्तिम प्रतिस्पर्धीहरूलाई 'संयुक्त राष्ट्र महासभाको अगाडि तपाईंहरूले कुन विश्वव्यापी मुद्दाको विषयमा बोल्नुहुनेछ र युवतीहरूलाई सशक्त बनाउन मिस युनिभर्स प्लेटफर्मलाई कसरी प्रयोग गर्नुहुन्छ' भन्ने प्रश्न सोधिएको थियो।

प्रतियोगितामा शीर्ष उपाधि विजेता बनेपछि बोशले भनिन्, 'आफ्नो प्रमाणिकताको शक्तिमा विश्वास गर्नुहोस्। तपाईंको सपना महत्त्वपूर्ण छ, तपाईंको हृदय महत्त्वपूर्ण छ। कहिल्यै कसैलाई तपाईंको मूल्यमा शंका गर्न नदिनुहोस्।'

प्रतियोगिता तीन साताभन्दा लामो अवधिसम्म सञ्चालन भएको थियो। प्रतियोगीहरूले पूर्वाभ्यास गर्न र कार्यक्रमहरूमा भाग लिन देशभर यात्रा गरेका थिए।

**प्रतियोगितामा विवादै विवाद**

यस वर्षको मिस युनिभर्स प्रतियोगिता उपाधि वितरणको रातको अघिल्ला साताहरूमा विवाद र आन्तरिक नाटकले घेरिएको थियो।

यस महिनाको सुरुमा भएको प्रि-पजेन्ट बैठकमा मिस युनिभर्स थाइल्यान्डका निर्देशक नवाट इटसाराग्रिसिलले बोशलाई पर्याप्त प्रचार सामग्री पोस्ट नगरेकोमा सार्वजनिक रूपमै गाली गरेका थिए।

बोशले आफूमाथि भएको अपमानको विरोध गरेपछि नवाटले उनलाई कोठाबाट बाहिर निकाल्न सुरक्षाकर्मीलाई बोलाए।

बाँकी पृष्ठ ६

## अमेरिकासँग काम गर्न जेलेन्स्की तयार

**किभ** (एजेन्सी) : युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले रुससँगको युद्ध अन्त्यका लागि अमेरिकासँग काम गर्न तयार रहेको जनाएका छन्। 'उनीहरूको योजनाअन्तर्गत किभले पूर्वी युक्रेनको डोनेट्स्कका महत्त्वपूर्ण क्षेत्रहरू सुम्पनेछ, जुन हाल पनि उसको नियन्त्रणमा छ, आफ्नो सेनाको आकार घटाउनेछ र नेटोमा सामेल नहुने वाचा गर्नेछ,' जेलेन्स्कीले भनेका छन्। यी प्रस्तावलाई पहिले अस्वीकार गरिएको थियो। ह्वाइट हाउसले योजनाको मस्यौदामा युक्रेन संलग्न नभएको दाबीलाई अस्वीकार गरेको छ। अमेरिकी विशेष दूत स्टिव विटकोफ र उनका रुसी समकक्षी किरिल दिमित्रिभबीचको बैठकपछि उक्त मस्यौदा तयार पारिएको थियो।

मस्यौदा योजनाका प्रावधानहरू धेरैजसो मस्कोतर्फ ढल्केको देखिन्छ। यसले किभबाट पनि सावधानीपूर्वक कूटनीतिक प्रतिक्रिया प्राप्त गर्‍यो। फेब्रुअरी २०२२ मा रुसको पूर्ण-स्तरीय आक्रमण सुरु भएदेखि नै युक्रेन अमेरिकी सैन्य समर्थनमा धेरै निर्भर छ। तर, राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी अडान परिवर्तन गरेका छन् ताकि थप सहायता उनका नेटो सहयोगीहरूबाट प्राप्त होस्।

# एमालेले बनायो 'नेसनल भोलेन्टियर फोर्स'

**राधा खनाल** | *काठमाडौं*

नेकपा एमालेले पार्टीमा नीति र नेतृत्वको सुरक्षाका लागि भन्दै नेसनल भोलेन्टियर फोर्स (एनभीएफ) घोषणा गरेको छ। बबरमहलस्थित एक ब्यांकेटमा शुक्रबार भेला गरी फोर्स गठन गरिएको हो। त्यसअघि माइतीघर मण्डलाबाट वानेश्वरसम्म मार्चपास गरिएको थियो।

पार्टी अध्यक्ष केपी शर्मा ओलीले फोर्सको घोषणा गरे। समाजमा बढेको असुरक्षा, अशान्ति र भदौ २३/२४ को घटनापछि आममानिसको खस्किएको मनोबल उठाउन एनभीएफ घोषणा गरिएको ढकालले बताए।

फोर्सको कमान्डर युवा संघका पूर्वउपाध्यक्ष पुष्पराज श्रेष्ठलाई तोकिएको छ। उनी एमालेको बागमती प्रदेश कमिटी सदस्य हुन्। थप दुईजनालाई सह-कमान्डरको जिम्मा दिइएको छ। एमालेले प्रदेश र जिल्लामा पनि यस्तो संरचना बनाउने जनाएको छ। फोर्सले राज्यका निकायलाई सहयोग गर्ने, भय र असुरक्षाबाट जनतालाई मुक्त गर्ने, सुरक्षा निकायलाई सहयोग गर्ने, प्राकृतिक प्रकोप भएका बेला राहत तथा उद्धारमा सहयोग गर्ने उद्देश्य रहेको एमालेले बताएको छ। सुरक्षा संवेदनशीलता बढेका बेला राज्यले अध्यक्ष ओलीलगायत नेताका सुरक्षाकर्मी फिर्ता लगेकाले पनि फोर्सको आवश्यकता बढेको एमालेको जिकिर छ।

अध्यक्ष ओलीले राज्यले मात्रै देशमा शान्ति सुरक्षा कायम गर्न नसक्ने भएपछि नेसनल भोलेन्टियर



फोर्स गठन गरिएको बताए। फोर्सको घोषणा सभालाई सम्बोधन गर्दै ओलीले राष्ट्र हितका लागि काम गर्ने बताए। उनले भने, 'यो राष्ट्रिय हितका लागि गठन भएको हो। एमालेसँग असहमति राख्ने अथवा यो संगठनसँग असहमति गर्नेका लागि पनि जिउधनको रक्षा गर्ने कामका लागि यो गठन भएको हो। यसको गठन र विकाससँग कोही पनि आत्तिनुपर्दैन, तर्सिनुपर्दैन। यो देशमा शान्ति सुरक्षाका लागि गठन गरिएको हो।'

राज्य संयन्त्रले मात्रै जनताको जिउधनको रक्षा गर्न नसकेको कुरा आफूहरूले भोगेको ओलीले बताए।

ओलीले यसअघि राजनीतिक दलहरूसँगको छलफलका क्रममा प्रधानमन्त्री कार्कीले प्रतिनिधिसभा पुनर्स्थापना हुनुपर्छ भन्ने हो भने अवस्था अझै अस्थिरताको चक्रमा फस्ने बताएकी थिइन्। सोही विषयमा बोल्दै ओलीले भने, 'यदि यो सरकार संविधानसम्मत बनेको छैन भन्ने हो भने त झनै विद्रोह हुन्छ रे। कसले विद्रोह गर्छ ? अर्थात् नेपाली जनतालाई धम्क्याएर, तर्साएर अस्तिको भन्दा ठूलो विद्रोह हुन्छ रे ? फेरि आगो लगाउने ? के भनेको हो त्यो ? प्रधानमन्त्रीज्यूले भन्नुभएको यो योजना हो कि अनुमान हो ? म प्रधानमन्त्रीज्यूलाई सोध्न चाहन्छु। योजना हो भने सपना नदेख्नुस्। अनुमान हो भने डराउन छाड्नुस्। नेपाली जनतालाई पनि डर देखाउन छाड्नुस्।'

ओलीले पार्टी पंक्तिलाई पुस २७ देखि हुने महाधिवेशनलाई फराकिलो मनका साथ अगाडि लैजान आह्वान गरे। 'जनताले एमालेको महाधिवेशनलाई एउटा ऐतिहासिक महाधिवेशनको रूपमा स्थापित गर्नेछन्,' ओलीले भने, 'म चाहन्छु यो महाधिवेशनलाई हामी सबैले एकताको महाधिवेशन बनाएर लैजाऔं, फराकिलो मनका साथ।'

उनले सामाजिक सञ्जालमा भ्रम फैलाइएको भन्दै त्यसको पछाडि नलाग्न आग्रह गरे। उनले महाधिवेशन भाँड्ने सपना नदेख्न पनि चेतावनी दिए। प्रधानमन्त्रीले एमाले र नेपाली कांग्रेसको अपमान गरेको ओलीले बताए। पार्टीको भोलेन्टियर फोर्सको घोषणा गर्दै उनले १२५ वटा दलसँग वार्ता भनेर बोलाएर कांग्रेस र एमालेको अपमान गरेको आरोप लगाए।

बाँकी पृष्ठ ६